बैठक संख्या २२

आज मिति २०८२ साल जेठ ११ गते विहान ११:०० बजे विहादी गाउँपालिकाका अध्यक्ष श्री परविन गुरुङको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक गाउँकार्यपालिकाको बैठक कक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिति :**

| | |
|---|---|
| श्री परविन गुरुङ | अध्यक्ष |
| श्री मिना शर्मा तिवारी | उपाध्यक्ष |
| श्री चित्र बहादुर गुरुङ | सदस्य |
| श्री गणेश शर्मा पौडेल | सदस्य |
| श्री गणेश प्रसाद पराजुली | सदस्य |
| श्री विष्णु प्रसाद भुसाल | सदस्य |
| श्री खिम बहादुर थापा मगर | सदस्य |
| श्री मन बहादुर बस्याल | सदस्य |
| श्री सविता गुरुङ | सदस्य |
| श्री विस्नु भुसाल | सदस्य |
| श्री यमकला नेपाली | सदस्य |
| श्री कमला कुमारी परियार | सदस्य |
| श्री तुलसी कुमारी सुनार | सदस्य |
| श्री माया वि.क. | सदस्य |
| श्री हरि प्रसाद भुसाल | सदस्य सचिव |

अन्य उपस्थिति

| | |
|---|---|
| श्री सुरेन्द्र पोखरेल | सहायक लेखा अधिकृत |
| श्री प्रविना सुवेदी | वरिष्ठ प्रशासन सहायक |

**निर्णय नं. १ :** यस गाउँपालिकाको आर्थिक वर्ष २०८२।८३ को बजेट निर्माणका लागि संघ र प्रदेशबाट प्राप्त अनुदान र आन्तरिक आम्दानी समेत करिव १६ करोड अनुमानित बजेट सिमाभित्र रहि योजना तथा कार्यक्रम संकलन तथा प्राथमिकिकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :** आगामी आ.व. २०८२।८३ को बजेट निर्माणका लागि वैशाख मसान्तभित्र सम्बन्धित वडाका सदस्यको संयोजनमा वस्ती तहका छनौट गरिएका योजनालाई एकिकृत गरि आयोजना वा कार्यक्रमको प्राथमिकिकरण मापदण्डको आधारमा विषयक्षेत्र समेत छुट्टाई योजना/कार्यक्रम प्राथमिकिकरण गरि बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई सिफारिस गरी पठाउने साथै पालिका स्तरीय महत्वपूर्ण देखिएका आयोजना/कार्यक्रमहरुलाई समेत प्राथमिकिकरणको सूचीमा राखी जेठ १५ गते भित्र पठाउन सम्पूर्ण वडाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ३ :** आ.व. २०८१।८२ मा विहादी गाउँपालिकाबाट सञ्चालित ठेक्काहरु हाइटेक टनेल र आँपलाय लामाखर्क सडक स्तरोन्नतिको म्याद थप गरि पाउँ भनि क्रमशः मिति २०८२ जेठ ५ गते र मिति २०८२ वैशाख १४ गते निवेदन आएको हुँदा हाइटेक टनेल निर्माण कार्यको मिति २०८२ असार १० र आँपलाय लामाखर्क सडक स्तरोन्नतिको मिति २०८२ असार १५ सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :** विहादी गाउँपालिका वडा नं. ४ का वडा अध्यक्ष श्री विष्णु प्रसाद भुसाल (ना. प्र. प. नं. १९०५) जिब्रोको क्यान्सर को कारण निजामती कर्मचारी अस्पतालमा उपचाररत रहनुभएको र निजको उपचारको लागि आर्थिक सहायता शिर्षकबाट रु १००,०००।- (एक लाख रुपैयाँ मात्र) उपचार खर्च प्रदान गर्ने निर्णय गरियो ।